# अपाङ्गताका मुद्दा सम्बोधन गर्न व्यवहार परिवर्तन

बुटवल, २५ साउन। नेपालमा अझै अपाङ्गता भएका व्याक्तिहरू प्रति हेर्ने दृष्टिकोण ठिक नहुँदा अपाङ्गता भएका व्यक्तिहरूले भौतिक रूपमा, नैतिक तथा शारीरिक रूपमा व्यवहारतह कठिनाई भोग्दै आएको बताएका छन्। मानिस २१ औं शताब्दीमा प्रवेश गरेको भए पनि उनीहरू प्रति हेर्ने दृष्टिकोणमा परिर्वतन नआएको कारण अपाङ्गता भएको समुदायले परिवर्तनको महसुस गर्न नपाएको उनीहरूको भनाई रहेको छ।



नेपाल नेत्रहिन महिला संघ सुकेधारा काठमाण्डौको आयोजनामा रूपन्देहीको तिलोत्तमा आयोजना भएको 'अपाङ्गता भएका महिलाहरूको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी र दिगो विकास लक्ष्य' को विषयक अन्तर्क्रिया कार्यक्रममा बोल्दै अपाङ्गता भएका व्यक्तिहरूले व्यवहारिक रूपमा अहिले पनि अपाङ्गता भएका व्यक्तिहरूलाई छुद्र व्यवहार गर्दै समाजको मुलधारमा ल्याउनको लागि प्रयास नै नगरिएको बताएका हुन।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै नेपाल नेत्रहिन महिला संघका सल्लाहकार तथा महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयका महिला बालबालिका विभाग प्रमुख निरा अधिकारीले नेपालको संविधान तह अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष संवोधन नभएपनि आम मानिसहरू जस्तै अपाङ्गता समुदाय रहेपनि उनीहरूलाई समाजले समान व्यवहार नगरेको बताईन। उनले नेपालमा अपाङ्गता अधिकार ऐन २०७४ मा अपाङ्गताको विषयमा उल्लेख गरिएको भन्दै अपाङ्गता मैत्री संरचना सहित मानविय, व्यवहारिक रूपमा उनीहरू प्रति हेर्ने दृष्टिकोणमा परिर्वतन ल्याउन पर्ने बताइन। कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले तिलोत्तमा नगरपालिकाले अपाङ्गता भएका व्याक्तिहरूको लागि अपाङ्गतामैत्री संरचना सहित ग बर्गका अपाङ्गता भएका व्यक्तिहरूको लागि पनि मासिक ५ सय रूपैयाँका दरले भत्ता उपलब्ध गराउने निर्णय भएपनि कानूनतह बन्देज भएको कारण अन्य शिर्षकबाट संवोधन गरिने जानकारी दिए।

उनले अपाङ्गता भएका व्यक्तिहरूले विभिन्न स्थानमा अर्काको सहयोग लिएर जीवन यापन गरिरहेको भन्दै जुन उनीहरूको बाध्यता रहेकोले त्यसलाई सधैको लागि अन्त्य गर्नको लागि संघीय सरकार, प्रदेश सकारले विशेष पहल गर्ने र यसमा स्थानीय तहले हातेमालो गर्न तयार रहेको बताए।

कार्यक्रममा बोल्दै उप प्रमुख जागेश्वर देवी चौधरीले हरेक महिनाको २५ गते अपाङ्गता परिचय पत्र वितरण लगायतको कार्यक्रम नगरपालिकाबाट जारी रहेको भन्दै हाल सम्म ७ सय ८१ जनालाई अपाङ्गता परिचय पत्र प्रदान गरिएको जानकारी दिए।

कार्यक्रममा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत गंगाराम आचार्य, नेत्रहिन महिला संघका महासचिव अनिता सिग्देल, जिल्ला कोषाध्यक्ष समिता आचार्य लगायतले आ-आफ्नो भनाई राखेका थिए।

## राष्ट्रिय लोक नृत्य प्रतियोगिताको उपाधि कुँवरवर्तीलाई

बुटवल, २५ साउन- लोक संस्कृतिलाई जर्गेना गर्ने उद्देश्यले प्याब्सन रूपन्देहीले आयोजना गरेको प्रथम प्याब्सन अन्तर विद्यालय राष्ट्रिय नृत्य प्रतियोगिताको उपाधि कुँवरवर्ती इङलिस बोर्डिङ स्कूल तिलोत्तमाले हात पारेको छ। प्रतियोगितामा ज्ञानगंगा पाठशाला द्धितीय भएको छ। त्यस्तै तृतीय र सान्त्वना क्रमस लिटिल प्याराडाइज इङलिस बोर्डिङ स्कूल र ज्ञानपुञ्ज इङलिस बोर्डिङ भएका छन्। प्रथम हुने कुँवरवर्तीले १५ हजार नगद, मेडल र प्रमाणपत्र हात पारेको छ। त्यस्तै द्धितीयले १२, तृतीय हुनेले १० र सान्त्वनाले ५ हजार नगद पुरस्कार पाएका छन्। प्रतियोगितामा रूपन्देही १५ विद्यालयको सहभागिता रहेको कार्यक्रम संयोजक एकनारायण आचार्यले जानकारी दिए।

कार्यक्रममा उद्घाटन कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले संस्थागत विद्यालयको विकास नगरपालिकाले कुनै कन्जुसाइँ नगर्ने बताए। नगरको शिक्षाको विकासमा आफू सधै छलफल गर्न तयार रहेको बताए। प्याब्सनका केन्द्रीय प्राज्ञिक सल्लाहकार लोकनाथ उपाध्यायले राज्यबाट सामुदायिक र संस्थागत विद्यालयलाई विभेद गर्न नहुने बताए। प्याब्सन रूपन्देहीका वरिष्ठ सल्लाहकार यज्ञमूर्ति पाण्डेले राज्यले संस्थागत र सामुदायिक विद्यालयलाई काखा र पाखाको व्यवहार गर्न नहुने बताए।


### विजयनगर गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**खुरूहुरिया, कपिलवस्तु**
**लुम्बिनी प्रदेश, नेपाल**

## क्याटलग सपिङ्ग बिधिबाट सबारी साधन खरिद सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/२५**

यस गाउँ कार्यपालिकाको कार्यालयलाई चालू आ.ब. ०७९/८० मा आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन पिकअप गाडी (DOUBLE CAB 4WD) सार्बजनिक खरिद ऐन २०६३ संसोधन सहितको दफा ८ को उपदफा १ (क)(८) तथा सार्बजनिक खरिद नियमावली २०६४ संशोधन सहितको नियम ३१(ख) बमोजिम त्यस्तो सवारी साधन पिकअप गाडी उत्पादक कम्पनी वासो को आधिकारिक बिक्रेताहरू बीच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ्ग) विधिबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरू आफ्नो कम्पनी/फर्म दर्ता, एजेन्सी दर्ता प्रमाणपत्र, लेटर अफ अथोराइजेशन (आधिकारीकताको प्रमाण पत्र) र आ.ब. ०७८/७९ को कर चुक्ता प्रमाण पत्र वा म्याद थप पत्र लगायतका कागजातहरूको प्रतिलिपिहरू समावेश गरी सार्बजनिक खरिद नियमावली २०६४ संशोधन सहितको नियम ३१(ख) को उपनियम २ अनुसार देहाय बमोजिमको सवारी साधन पिकअप गाडीको (DOUBLE CAB 4WD) स्पेसिफिकेसन, गुणस्तर , मुल्य र सुबिधा सहितको विवरण क्याटलग वा ब्रोसर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिनभित्र यस कार्यालयमा सिलबन्दी निवेदन दर्ता गर्नुहुन सम्बन्धित उत्पादक कम्पनी वा आधिकारिक बिक्रेताहरूको जानकारीको लागियो सूचना प्रकाशित गरिएको छ। थप जानकारिको लागि bijaynagar.mun@gmail.com मा सम्पर्क गर्नहुन अनुरोध छ।

आवश्यक सवारी साधन पिकअप गाडी (4WD) सम्बन्धी विवरण :

| S. N. | Item | Requirement (General Specifications) | Qty. | Remarks |
|---|---|---|---|---|
| 1 | Double Cab Pick–upM 4WD, Four Doors, Right hand Drive, suitable all terrain in Nepal= | 4 cylinder, 4 stroke, engine displacement not less than 2179 CC, Water Cooled Diesel Engine, developing Maximum Power Output not less than 132bhp@4000RPM and Maximum Torque not less than 312Nm@1800RPM. Ground Clearence Minimum 180 mm. Transmisson typeM 6 speed forward+1 reverse | १ | विस्तृत स्पेसिफिकेसनको लागी कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ। |

**प्रमुख प्रशासकीय अधिकृत**



### Bhumikasthan Municipality
## Office of Municipal Executive
Nuwakot, Arghakhanchi

## INVITATION FOR BIDS

Date of publication: 11-08-2022 (2079/04/26)

1. Bhumikasthan Municipality invites electronic bids from Nepalese eligible bidders for the following works. Under National Competitive Bidding procedures.
2. Bidders may obtain further information and inspect the bidding document may visit PPMO website www.bolpatra.gov.np/egp.and download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra.gov.np./egp,.
3. Bidders, submitting their bid electronically, should deposit the costNRs.3000/- of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Century Commercial Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 0900000013GE
**Information to deposit the BID Security Amount in Bank:**
Name of the Bank: Century Commercial Bank Ltd.
Name of Office: Bhumikasthan Municipality Office
Office Account no: 0900000004GE
4. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi1:00 pm on 30 August, 2022 (2079-05-14).
5. electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp..Bids received after this deadline will be rejected. Bid Purchasing, submission and other bidding process option should be done according to Bid Document.

**Bidders other details are as given below:**

| Tender No. | Name of Project | Bid Price | Estimate cost (Exclusive of VAT and Contingencies) | Bid Security Amount In NRs | Bid security valid period | last date of Bid purchase | last date of Bid submitted | last date of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 01/BMA/W/ UPG/2079/080 | Samnekhola Gerumata Siudeni Chhedapokhara Road Upgrading Works | NRs. 3000.00 (Not Refundable) | 8646110.79 | NRs. 244000 | | | | |
| 02/BMA/W/ UPG/2079/080 | Nachnechour Jhakrisalla Road Upgrading Works | NRs. 3000.00 (Not Refundable) | 8643949.43 | NRs. 244000 | | | | |
| 03/BMA/W/ UPG/2079/080 | Milanchowk Kuchurepani Ward Office Thulakharka Chautara Road Upgrading Works. | NRs. 3000.00 (Not Refundable) | 8644510.28 | NRs. 244000 | 120 | 09-09-2022 (2079-05-24) | 11-09-2022 (2079/05/26) 12:00 noon | 11-09-2022 (2079/05/26) 1:00 PM |
| 04/BMA/W/ UPG/2079/080 | Dharapani Phalamkhilli Asurkot Road Upgrading Works | NRs. 3000.00 (Not Refundable) | 8642692.85 | NRs. 244000 | | | | |
| 05/BMA/W/ UPG/2079/080 | Udayathati Chautara Pouwa Road Upgrading Works | NRs. 3000.00 (Not Refundable) | 8644167.82 | NRs. 244000 | | | | |

6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
7. Other details are available on the E-Procurement Section of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office web site: www.bhumikasthanmun.gov.np



"स्वास्थ्य को लागि खेलकुद, राष्ट्को लागि खेलकुद"
**प्रदेश सरकार**
**लुम्बिनी प्रदेश**
## प्रदेश खेलकुद परिषद, लुम्बिनी
**PROVINCE SPORTS COUNCIL, LUMBINI**
## जिल्ला खेलकुद बिकास समिती, रूपन्देही

## सुचना! सुचना!! सुचना!!!

**सूचना प्रकाशित मिती: २०७९/०४/२६ गते**

राष्ट्रिय खेलकुद परिषद्‌को आयोजनामा मिती २०७९ असोज २८ गते देखी कार्तिक ३ गतेसम्म गण्डकी प्रदेशको पोखरामा सन्चालन हुन गईरहेको नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता २०७९ को तयारीको क्रममा हाल यस रुपन्देही जिल्लामा प्रशिक्षणमा रहेका तथा उक्त प्रतियोगितामा सहभागी हुने अन्य सम्पूर्ण खेलका खेलाडीहरुले **मिती २०७९ भाद्र १ गते** भित्र नियम अनुसार खेलाडी हरुले खेलाडी दर्ता फारम भरी सम्बन्धित खेलका खेल प्रशिक्षक सहीत वा स्वयम उपस्थित भई यस जिल्ला खेलकुद विकास समितिमा बुझाउनु हुन सम्बन्धित सबै खेलका प्रशिक्षक तथा खेलाडिहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**खेलाडी दर्ता निवेदन फारम**

म..........................................................ले रुपन्देही जिल्ला खेलकुदमा.................................. खेलसँग आबद्ध भई विभिन्न समयमा खेलकुदमा सहभागिता जनाएकोले जिल्ला खेलकुद विकास समिती रुपन्देहीमा खेलाडीदर्ताका लागि यो आवेदन पेस गरेको छु।

**खेलाडी व्यक्तिगत विवरण**

**नाम थर**:.....................................................
**जन्म मिती**: ..................................................
**महिला/पुरुष**:................................................
**ठेगाना**:.......................................................
**खेलको नाम**:.................................................
**नागरिकता नम्वर**:...........................................

**हालसम्म सहभागीता भएका खेल तथा उपलब्धीहरु**:
१..............................................
२..............................................
३..............................................
४..............................................
५..............................................
६..............................................
७..............................................
८..............................................

**निवेदक**
**नाम**:............................................
**हस्ताक्षर**:......................................
**फोन नम्वर**:...................................

**नोटः**
**यही मिति २०७९ भदौ १ गते भित्र दर्ता नभएका खेलाडी तथा समूहलाई सहभागी गराउन जिल्ला खेलकुद विकास समिति जवाफदेही हुने छैन।**

जय खेलकुद ।
**भुपेन्द्र बहादुर थापा क्षेत्री** (अध्यक्ष)
**जिल्ला खेलकुद विकास समिति, रुपन्देही**
**नवौं राष्ट्रिय खेलकुद-२०७९**



## आवश्यकता

**यस मणिमुकुन्द सेकेण्डरी स्कूल, बुटवल-११ का लागि निम्नानुसारको विषय शिक्षकको आवश्यकता परेकोले तपसिलमा उल्लेखित मिति भित्र योग्य व्यक्तिबाट दरखास्त आह्वान गरिन्छ।**

**विषय: रसायन शास्त्र (Chemistry-Inorganic)**
**पढाउने तह: कक्षा ११ तथा १२**
**संख्या: १**
**आवश्यक शैक्षिक योग्यता: एम. एस. सी./रसायन शास्त्र (Chemistry-Inorganic)**
**दरखास्त बुझाउने अन्तिम मिति: २०७९/०५/०१**

**छनौट विधि:**
- **कक्षा अवलोकन**
- **अन्तर्वार्ता**

## मणिमुकुन्द मा. वि./कलेज
बुटवल- ११
**सम्पर्क नं. ०७१-४२०११७, ९८०२७७२८८३**



### देवदह नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
**केरवानी, रूपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/२६)**

यस देवदह नगरपालिका कार्यालयमा रिक्त रहेको सूचना प्रविधि अधिकृत पद सेवा करारमा लिनुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित तोकिएको सम्पूर्ण कागजात संलग्न गरि दरखास्त दिनुहुन मिति २०७९/०४/२५ गतेको पदपूर्ति समितिको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ। आवेदन फारम तथा पाठ्यक्रम यस देवदह नगरपालिकाको कार्यालयबाट वा कार्यालयको वेबसाईट www.devdahamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

**तपशिलः**

| क्र.स. | विज्ञापन नं. | पद | तह | सेवा | संख्या |
|---|---|---|---|---|---|
| १. | ६/०७९-०८० | सूचना प्रविधि अधिकृत | अधिकृतस्तर छैठौं | करार | १ (एक) |

**योग्यता**
- नेपाली नागरिक हुनुपर्ने।
- नैतिक पतन देखिने गरि फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको।

१. **न्युनतम शैक्षिक योग्यताः** लोकसेवा आयोगले लिने कम्प्युटर अधिकृत पदको लागि आवश्यक न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer jf Information Technology वा सो सरहको विषयहरूमध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, BSc IT, CSIT, BE Electronics, B-Tech Electronics and Communication Engineering) उपाधि हासिल गरेको।
२. **उमेरः** आवेदन दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको।
३. **दरखास्त दस्तुरः** रु. १५००/-
४. **दरखास्त बुझाउने स्थानः** देवदह नगरपालिका नगर कार्यपालिकाको कार्यालय केरवानी रूपन्देही।
५. **दरखास्त दिने अन्तिम मितिः** २०७९/०५/०९ गते कार्यालय समय सम्म।
६. **परिक्षाको किसिमः** छोटो सूची, लिखित, प्रयोगात्मक तथा अन्तरवार्ता।
७. **आवश्यक कागजातः** (**क**) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि (**ख**) हालसालै खिचिएको ३ प्रति पासपोर्ट साइजको फोटो। (**ग**) दरखास्त दस्तुर बुझाएको रसिद (**घ**) शैक्षिक योग्यताको प्रमाणपत्र प्रतिलिपि।
८. **सेवा सुविधाः** करार सम्झौता बमोजिम।
९. **करार अवधीः** ०७९ पौष मसान्तसम्म।
१०. **परीक्षा मितिः** छोटो सुचि प्रकाशन संगै जानकारी गराइनेछ।
११. अन्य व्यवस्था प्रचलित कानुन बमोजिम हुनेछ।

**द्रष्टव्यः** अन्य जानकारीका लागि यस नगरपालिकाको कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।

**प्रमुख प्रशासकिय अधिकृत**


**बुटवल पब्लिकेशन** (प्रा.) **लि.** द्वारा प्रकाशित **प्रधान कार्यालयः** बुटवल-६, तिलोत्तमा पथ, रूपन्देही, **फोनः** ०७१-५५४६४०, ५५४६४१, ५५४६४२, **इमेलः** newsbutwaltoday@gmail.com (News), addbutwaltoday@gmail.com (Advt.)
**अध्यक्षः** हरि प्रसाद पौडेल, **प्रबन्ध संचालक/प्रवन्ध सम्पादक** : नवराज कुँवर, **सम्पादकः** कृष्ण मल्ल, **मुद्रणः** पश्चिमाञ्चल सञ्चार गृह (प्रा.) लि.